साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY



# लागू औषध सहित वीरगञ्जबाट दुई जना पक्राउ



*साझेदारी संवाददाता*
*वीरगञ्ज, २६ चैत*

ठुलो परिमाणको लागु औषध सहित दुइ जनालाई पर्सा प्रहरीले वीरगञ्जबाट पकाउ गरेको छ।

प्रहरीले वीरगञ्ज महानगरपालिका-१६ बोखारचोक स्थित सडकखण्डमा मधेश प्र.०३ ००१ च ७०९८ नम्बरको पिकअपलाई जाँच गरेको थियो।जाँचको कममा पिकअपमा फल्स सिलिङ बनाई लुकाई ल्याइएको लागु औषध नुरफिन १२०० पिस, फेनारगन १२०० पिस, डाइजेपाम १२०० पिस प्रहरीले बरामद गरेको हो। प्रहरीले ओनेरेक्स सय एमएलको ५० बोतल, टपेन्डाडोल सय एमजीको ३ सय ९० पिस ट्याब्लेट फेला परेको पर्सा प्रहरीले जानकारी दिएको छ।

लागु औषध सहित वीरगञ्ज महानगरपालिका-२० बस्ने २१ वर्षीय बिष्णु पटेल र २० वर्षीय राजन यादवलाई पकाउ गरिएको पर्साका प्रहरी प्रबक्ता डिएसपी कुमार बिकम थापाले साझेदारी दैनिकलाई जानकारी दिए। पकाउ परेका दुबैजना बिरुद्ध लागु औषध सम्बन्धी कसूरमा सात दिनको म्याद अदालतबाट थप गराई कारवाही अघि बढाइएको थापाले बताए।

# वैदेशिक रोजगारीका विविध सवालमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

*संदिप यादव*
*कोल्हवी,२६ चैत।*

बाराको कोल्हवीमा सोमबार विभिन्न सरोकारवालाहरूसँग वैदेशिक रोजगारीका विविध सवालमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।



कोल्हवीमा रहेको रोजउड होटलको सभा हलमा आयोजित उक्त कार्यक्रम नेपाल सरकारको श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,वैदेशिक रोजगार बोर्डको सचिवालयले आयोजना गरेको हो।

रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डाक्टर द्वारिका उप्रेतीको सभापतित्वमा भएको कार्यक्रमको प्रमुख अतिथि कोल्हवी नगरपालिकाका नगर प्रमुख राम प्रसाद चौधरी रहनु भएका थिए।

सो कार्यक्रममा रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डाक्टर उप्रेतीले फ्लेक्स बोर्डमा रहेको विभिन्न सरोकारवालाहरूसँग वैदेशिक रोजगारीका विविध सवालमा छलफल तथा अन्तरक्रिया कार्यक्रम पढी कार्यक्रमको उद्घाटन गर्नु भएको थियो। सो अन्तरक्रियामा वैदेशिक रोजगारीमा जाँदा के गर्ने ? कसरी जाँदा सुरक्षित हुन्छ ? कुन(कुन प्रक्रिया पूरा गर्नुपर्छ ? लगायतका विषयमा छलफल तथा अन्तरक्रिया गरिएको हो।

उक्त अन्तरक्रिया कार्यक्रममा बोल्दै कोल्हवी नगरपालिकाका नगर प्रमुख राम प्रसाद चौधरीले वैदेशिक रोजगार बोर्डबाट श्रम स्वीकृति नलिई वैदेशिक रोजगारीमा जाँदा ठगिने र दुःख पाउने गरेको बताए।

श्रम स्वीकृति लिएर तथा प्रक्रिया पुऱ्याएर वैधानिक तरिकाबाट जान,' उनले भने। अहिले पनि कति युवाहरू श्रम स्वीकृति नलिई अवैधानिक ढंगबाट जाँदा विदेशमा अलपत्र पर्ने, ठगिने र मृत्युसमेत व्यहोन बाध्य हुने गरेको उनले बताए। वैदेशिक रोजगारीमा जानू अगाडि सीप सिकेर जानमा चौधरीले जोड दिएका छन। यस्तै युवा नेपालमा रोजगारी नभएको भन्दै विदेश जाने गरेको र त्यसमा पनि श्रम स्वीकृति नलिई जाँदा विदेशमा अलपत्र पर्ने गरेको वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डाक्टर द्वारिका उप्रेतीले बताए।

उनले आफू जान चाहेको देशको सामान्य भाषा,नियम कानुनलगायतका कुरा जानकारी लिन पनि उनले आग्रह गरे। एकातिर,वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी नहुँदा पनि वैदेशिक रोजगारीमा जानेहरूले अनकौं कष्ट भोग्नु परेको जानकारी दिए। कार्यक्रममा .शुल्क शव ढुवानी सेवा,मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता प्रदान गर्ने,बिरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहयोग,कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधि उपचार सहयोग,छात्रवृत्ति सहायता,उद्दार तथा खोजतलास सेवा,कानुनी प्रतिरक्षा सहायता,महिला कामदारको पुर्व प्रस्थान अभिमुखिकरण,तालीम शुल्क सोधभर्ना र अन्य प्रवर्धनात्मक विभिन्न कार्यक्रमहरु सरकारबाट प्रदान गरिने जानकारी समेत दिईएको थियो।

कार्यक्रममा सपही क्याम्पसका अध्यक्ष ढुण्डीराज उप्रेती,कोल्हवी नगर उधोग वाणिज्य संघका अध्यक्ष लक्ष्मी साह,अडिटर एसोसिएसनका टिना सुवेदी,प्रहरी नायब निरीक्षक लाल कुमार यादव,ललन तिवारी,विनिता रिमाल,सविता तिवारी,सलमा राई,विभिन्न पालिकाका प्रतिनिधि तथा सञ्चारकर्मीहरु लगायतको उपस्थिति रहेको थियो।


## भूमि सुधार तथा मालपोत कार्यालयको ३५ दिने सार्वजनिक सुचना

यस्मा तपसिलको जग्गाको मोही तपसिलका व्यक्तिको मृत्युपछि मोही हक खाने कोही हकदार नभएकोले जग्गा म ज.ध.कै जोत भोगमा रहेकोले मरुवा मोही लगत कट्टा गरी पाउँ भनि ज.ध.बाट पर्न आएको निवेदन कार्यावाहीको शिलशिलामा यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलका जग्गाको मोहीको मृत्यु भएको हो होईन मोही हक सर्न सकिने भु.सु.ऐन २०२१ को आठौं संसोधनको दफा २६(१) बमोजिम कोही हकवाला समेत भई मोही लगत कट्टा हुन नपर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा मोही हकदावी गर्न आउनु होला अन्यथा कानुन बमोजिम भै जानेछ।

तपसिल

| ज.ध. को नाम वतन | जि. | गा.वि.स | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको नाम |
|---|---|---|---|---|---|---|
| चुनचुन तिवारी | बारा | मटिअर्वा | ८ | ११०/७१४ | ०-१३-० | जगदिश तिवारी |
| दिनेश तिवारी | बारा | मटिअर्वा | ८ | ७१५ | ०-२-५ | जगदिश तिवारी |
| | | | | | | मटिअर्वा-६ |


# खानेपानी समस्या समाधानका लागि तत्कालिन र दीर्घकालिन योजना मधेशका लागि आवश्यक : मुख्यमन्त्री यादव

*साझेदारी संवाददाता*
*जनकपुरधाम,२६ चैत*

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेशको खानेपानी समस्या समाधानका लागि तत्कालिन र दीर्घकालीन योजना बनाउन मधेशका लागि आवश्यक रहेको बताएका छन्।

संघीय खानेपानी तथा ढल निकासी बिभागद्वारा धनुषाको लालगढमा सोमबार आयोजित एक कार्यक्रममा उनले यस्तो बताएका हुन्। उनले मधेश प्रदेशका लागि गुणस्तरयुक्त थोक खानेपानी वितरण सम्बन्धि परामर्श गोष्ठीमा मुख्यमन्त्री यादवले मधेशको दक्षिणी भूभागमा केही बर्ष यता पानीको सतह घटेको बताएका छन्।

उनले सुख्खा याममा खानेपानीको हाहाकार हुँदै आएको जनाए। उनले दुबै खाले योजनालाई अगाडि बढाउन संघीय सरकारलाई आग्रह गरे।

संघीय सरकारले सुनकोशी मरिन डाईभर्सनको पानी मध्ये केही पानीलाई प्रशोधन गरी मधेशका ६ वटा जिल्लामा खानेपानी आपूर्ति गर्ने नीति लिएकोमा धन्यवाद व्यक्त गरे।

मुख्यमन्त्री यादवले योजना सराहनीय रहेको जनाएका हुन्। मधेश सरकार हातेमालो गर्न प्रतिबद्ध रहेको जनाउदै यो योजना पूरा हुन धेरै समय लाग्ने जनाए। तत्कालीन योजना अघि बढाउन आवश्यक रहेको जनाउदै सहयोग गर्न आग्रह गरे। मधेशका चापाकलहरु सुकिरहेको उनले जनाए। तत्कालीन योजनाका लागि संघ सरकारसंग उनले आग्रह गरे।

संघिय खानेपानी मन्त्री राजेन्द्र कुमार राईको अध्यक्षतामा सो कार्यक्रम भएको हो। उक्त कार्यक्रममा प्रतिनिधि सभा महिला, बालविकास तथा समाजिक समितिका सभापति किरण साह, पुर्व खानेपानी मन्त्री महेन्द्र राय यादव,मधेश सरकारका उर्जा, खानेपानी तथा सिचाई मन्त्री सिंघासन सा कलवार लगायतका बक्ताहरुले खानेपानी सबैलाई आवश्यक रहेको बताएका थिए। वक्ताहरुले मधेशमा खानेपानी आपूर्तिको अवस्था र अगामि रणनीति बारे धारणा राखे।

गोष्ठिमा खानेपानी तथा ढल निकास बिभागका निर्देशक कमलराज श्रेष्ठले थोक खानेपानी आपूर्ति प्रणाली सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै उनले सुन कोशी मरिन डाईभर्सनको पानी मध्ये केही भागलाई प्रशोधन गरेर मधेश प्रदेशको धनुषा देखि पर्सा सम्म खानेपानी सप्लाई गर्ने उल्लेख गरे।

प्रदेशको दीर्घकालिन समाधान गर्न सकिने उनले कार्यपत्रमा लेखेका छन्। परियोजनाका लागि ४६ अर्ब २० करोड १० लाख १५ हजार ४ सय ८८ रुपैया लागत अनुमान गरिएको छ।


## देवताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पिप्राढी गोठ,बारा**
**मधेश प्रदेश,नेपाल**

## सहजकर्ता पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२७**

देवताल गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको शशर्त अनुदान अन्तर्गत किसान सूचिकरणको लागि किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा १९ को उपदफा २ बमोजिम कृषक दर्ता तथा व्यवस्थापनको लागि यस गाउँपालिकामा किसान सूचीकरण गर्न सेवा करारमा सहजकर्ता पदपूर्ति गर्न देहायको संख्यामा करारमा राख्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिल १५ (पन्द्र) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद / तह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १६/२०८०/०८१ | सहजकर्ता | ७ | ५००/- | |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**
१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १०+२ वा सो सरह उतिर्ण गरेको।
२) आधारभूत कम्प्युटर सम्बन्धि ज्ञान भएको, इन्टरनेट चलाउन सक्ने।
३) एन्ड्रोईड वा स्मार्ट मोबाईल, ट्याबलेट वा ल्यापटप साथमा भएको र चलाउन जान्ने.
४) उम्मेरको हद १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
५) कृषि तथा भेटेरिनरी अध्ययन गरेका लाई प्राथमिकता दिईने।

२. **आवेदन दस्तुर बुझाउने स्थान** :- देवताल गाउँपालिकाको राजश्व शाखामा वुझाउनु पर्नेछ।

३. **दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र सो दिन सार्वजनिक विदा परेको खण्डमा विदा पछि कार्यालय खुलेको पहिलो दिन।

४. **दरखास्त फाराम साथ सलग्न कागजातहरु** :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
ख) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि।
ग) सम्बन्धित काम संग अनुभव भए सो कागजातको प्रमाणपत्रको प्रतिलिपि।
घ) आधारभुत कम्प्युटर सिप भएको
ङ) ३ प्रति फोटो
च) परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर।
घ. छनौटको किसिम : छोटो सूची तथा अन्तरवार्ता।

५. **सेवा सुविधा** : किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलन तथा प्रविष्ट गरे वापत रु. ७५/- का दरले रकम पाउने छ।

६. **दरखास्त दिने स्थान** : देवताल गाउँपालिकाको कार्यालय पिप्राढि गोठ, बारा।



**जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहर समयमै गर्ने गरौं।**
**सुवर्ण, प्रसौनी, देवताल, फेटा, करैयामाई र आदर्शकोतवाल गाउपालिकाको कार्यालय,बाराद्वारा जनहितमा जारी सन्देश**